गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
पोखरा, नेपाल

# संवत् २०८० साल जेठ २१ गते बसेको मन्त्रिपरिषद्‌को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १३।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | आर्थिक बर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | गण्डकी प्रदेश सरकारका मन्त्रालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने। |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | अर्को सचिवको व्यवस्था नभएसम्म सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास तर्फको सचिवको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव श्री बद्रीनाथ अधिकारीलाई तोक्ने। |
| ४ | आर्थिक मामिला मन्त्रालय | माननीय आर्थिक मामिला मन्त्रीलाई आर्थिक विषयमा सल्लाह सुझाव दिन थप आर्थिक व्ययभार नपर्ने गरी व्यास न.पा. ०५ निवासी डा. रघुराज काफ्लेलाई अवैतनिक सल्लाहकार नियुक्त गर्ने। |
| ५ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | शहिद स्मृति आवासिय मा.वि., पोखरा-१४ को पूर्वाधार निर्माण र प्रयोगशाला व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गर्न पोखरा महानगरपालिका मार्फत सशर्त अनुदान अन्तरगत निकासा हुने गरी रु ४५ लाखको सीमाभित्र रहने गरी बजेट व्यवस्था गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्‌को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

# संवत् २०८० साल असार १ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १४।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | आर्थिक मामिला मन्त्रालय | गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको अनुमान, बजेट सम्बद्ध विधेयक, दस्तावेज तथा पुस्तिका गण्डकी प्रदेश सभा समक्ष पेश गर्न स्वीकृति दिने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०८० साल असार १० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १५।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीहरुको अध्ययन बिदा असाधारण बिदा र बेतलबी बिदा प्रमुख सचिवले स्वीकृत गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने। |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८० असार १६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा पोखरामा हुने राष्ट्रिय समन्वय परिषद्को बैठकको खर्च मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट उपशीर्षक नं ३०१०००११३ मा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने। |
| ३ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरुको हवाई उद्धार कार्यविधि, २०८० स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।